राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :- ०८२।८३

मिति : २०८२/०८/१९

च.नं. : ३६९

**विषय :- जन्मदर्ता संशोधन सम्बन्धमा ।**

**श्री माध्यमिक विद्यालयहरू, सबै ।**

प्रस्तुत विषयका सम्बन्धमा माध्यमिक शिक्षा परीक्षा (SEE), कक्षा १० को २०८२ मा सहभागी हुनका लागि परीक्षा आवेदन फाराम भर्ने भराउने तथा उक्त परीक्षामा २०८३ मा सहभागी हुनका लागि चालु वर्षमा कक्षा ९ मा रजिस्ट्रेसन फाराम भर्ने भराउनेसम्बन्धी सूचना प्रकाशन भई उपर्युक्तअनुसार फाराम भर्ने विद्यार्थीको आवेदन फाराम शिक्षा नियमावली २०५९ को मिति २०६७/१०/०९ मा भएको छैठौं संसोधनबमोजिम उक्त नियमावलीको नियम ७८ (६) बमोजिम "पाँच वर्ष पूरा नभएकालाई एक कक्षामा भर्ना र जुन सालको परीक्षामा सम्मिलित हुने हो सोही सालको चैत्र मसान्तसम्ममा चौध वर्ष पूरा नभएकालाई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (हालको माध्यमिक शिक्षा परीक्षा-SEE) मा समावेश गरिने छैन" भन्ने व्यवस्थाबमोजिम हुने गरी रजिस्ट्रेसन फाराम र आवेदन फाराम भर्न सूचना गरिएकोमा कतिपय विद्यालयका विद्यार्थीहरूको उल्लिखित उमेर अवधि नपुग्ने गरी जन्मदर्ता र कक्षा ८ को प्रमाणपत्र जारी भएको अवस्थामा नियमावलीमा तोकिएको उमेर नपुगी एसइइ (SEE) परीक्षाबाट वञ्चित हुनुपर्ने अवस्थासमेत आउन सक्ने देखिएकाले यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन विभिन्न अभिभावक र विद्यालय तथा स्थानीय तहबाट यस बोर्ड र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा समेत अनुरोध भै आएको सन्दर्भमा समेत सम्बोधन हुने गरी नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा मिति २०८२ साउन १४ गतेको नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐनको दफा ७२ अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा २५ (१) मा संशोधन भई कुनै व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले एक पटक स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिन सकिने छ भन्ने व्यवस्था रहेको । सो ऐनको व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संसोधन) नियमावली २०८२ को नियम २३ मा भएको व्यवस्थासमेतको आधारमा जन्मदर्ता संशोधनसम्बन्धी व्यवस्था कार्यान्वयनमा सहजीकरणका लागि स्थानीय तहहरूलाई राष्ट्रिय परीक्षा बोर्डबाट मिति २०८२/०८/०२ मा अनुरोधसमेत गरिएको पृष्ठभूमिमा सम्बन्धित विद्यालयहरूले सम्बन्धित स्थानीय तह र सोअन्तर्गतका स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट माग भई आएमा उक्त नियमावलीको नियम २३ (१) को क (३) बमोजिम उल्लिखित विवरण फरक परेका विद्यार्थीहरूको विद्यालयमा रहेको कक्षा १ मा विद्यार्थी भर्ना हुँदाको प्रमाणित अभिलेख स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई उपलब्ध गराई जन्मदर्तामा उल्लिखित विवरण संसोधनसम्बन्धी कार्यमा सहजीकरणको व्यवस्था मिलाउनुहुन मिति २०८२/०८/१५ को अध्यक्षस्तरीय निर्णयानुसार अनुरोध छ । साथै त्यसरी नाम, थर, जन्ममिति सच्याइएका विद्यार्थीको जन्मदर्तामा उल्लेख भएको विवरण EMIS प्रणालीमा कक्षा १ देखि कक्षा ७ सम्मको हकमा विद्यालयबाटै र कक्षा ८ का हकमा सम्बन्धित स्थानीय तहबाट सच्याउन सकिने व्यहोरासमेत शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको मिति २०८२/०८/१७ को संयुक्त बैठकमा निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८२।८।१९

जंगबहादुर अर्याल
सदस्य सचिव

**बोधार्थः**

श्री गृह मन्त्रालय, राष्ट्रिय पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौं : आवश्यक समन्वय तथा सहजीकरणका लागि ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर : सबै माध्यमिक विद्यालयलाई जानकारी गराइदिनुहुन ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।
श्री महानगर/उपमहानगर/नगर/कार्यपालिका सबै ।
श्री नेपाल नगरपालिका संघ : आवश्यक सहजीकरणका लागि ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ : आवश्यक सहजीकरणका लागि ।

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३५०७३ फ्याक्स: ६६३०५९८, ६६३०८४८
इमेल: info@neb.gov.np वेभ:www. neb.gov.np